# काठमाडौं जिल्ला अदालतको नागरिक वडापत्र

## १. अदालति शुल्क रदस्तुर

क) विगो वमोजिमको शुल्क (विगो खुलेकोमा विगो वमोजिम अदालति शुल्क लाग्ने)

- रू.२५००० ।- सम्म रू.५०० ।-
- रू.५०,००० ।- सम्म भए दोस्रो रू.२५,००० ।- को ५ प्रतिशतले हुने रकम
- रू.१,००,००० ।- सम्म भए तेस्रो रू.५०,००० ।- को ३.५ प्रतिशतले हुने रकम
- रू.५,००,००० ।- सम्म भए चौथो रू.४,००,००० ।- को २ प्रतिशतले हुने रकम
- रू.२५,००,००० ।- सम्म भए पाचौ रू.२०,००,००० ।- को १.५ प्रतिशतले हुने रकम
- रू. २५ लाख भन्दा माथीको भए छैठौं वांकी रकमको १ प्रतिशतले हुने रकम

ख) विगो नखुलेकोमा

- विषय हेरी रू.५०० ।-, रू.१,००० ।- र रू.२,५०० ।- सम्म

ग) फिराद दस्तुर- रू.२०० ।-

घ) वन्दीप्रत्यक्षीकरणको निवेदनमा – कुनै दस्तुर नलाग्ने

ङ) निषेधाज्ञाको निवेदनमा रू.५०० ।-

च) लिखित जवाफ दस्तुर रू.५० ।-

छ) प्रतिउत्तर पत्र दस्तुर रू.२०० ।-

ज) प्रतिदावी दस्तुर – विगो अनुसारको अदालति शुल्क लाग्ने

झ) अधिकृत वारिसनामा प्रमाणित दस्तुर रू.५०० ।-

ञ) पुनरावेदन दस्तुर रू.३०० ।- र अदालति शुल्कको १५% थप दस्तुर लाग्ने

ट) विशेष प्रकृतिका निवेदन हरू (दर्ताद्वारा विवाह, माथवर नियुक्ति आदि) रू.५०० ।-

ठ) साधारण निवेदन दस्तुर रू.१० ।-

ड) विगो भराउँदा विगोको ३ प्रतिशतले हुने रकम

ढ) वण्डा छुट्याउदा सम्पतिको २.५ प्रतिशतले हुने रकम

ण) चलन चलाउदा विगो खुलेकोमा ३ प्रतिशतले हुने रकम र नखुलेकोमा रू.१००० ।–

त) अदालति शुल्क नलागेकोमा विगोको ५ प्रतिशतले हुने रकम

थ) नक्कल दस्तुर आफैले सारी लानेमा प्रति पृष्ट रू.५ ।- र अड्डाबाट सारी लानेमा प्रति पृष्ट रू.१० ।–

द) रजिष्ट्रेशन पारित नभएका लिखतका हकमा आय टिकट दस्तुर वापत रू.१०००।- सम्मको रू.१०।- र त्यस पछिको प्रति हजारको रू.४।- तथा लिखत हुदैका अवस्थामा टिकट नटाँसेकोमा सो को ५ गुणा बढी रकम बुझाउनु पर्ने

## २. फिराद दर्ता गर्दा आवश्यक पर्नेविवरण र कागजात

- वादीको तिनपुस्ते सहित नाम, थर, वतन, टेलिफोन नम्वर, ईमेल, कार्यालय भए सो समेत
- प्रतिवादीको पति, पत्नी, वुबा, आमा, बाजे, बज्यैको नाम सहित नाम, थर, उमेर, ईमेल, टेलिफोन नं. सहितको परिचयात्मक विवरण
- वादी प्रतिवादीको साविक र हालको ठेगाना, वडा नं., टोल, मार्ग, ब्लक नं.
- पेटबोलीमा उल्लेख भएका व्यक्तिको समेत उपरोक्त अनुसारको परिचयात्मक विवरण सहितको ठेगाना
- वसोवास वा वतन खुल्ने कागज प्रमाण
- दावीसँग सम्वन्धित प्रमाणको सक्कल र नक्कल
- अदालतको क्षेत्राधिकार सम्वन्धी कानून
- वादी दावीसंग सम्वन्धित कानून
- हदम्याद र हकदैया सम्वन्धी कुरा

## ३. अधिकृत वारेसनामा प्रमाणित गर्न आवश्यक कागजात र प्रकृया

- रित पूर्वकको संयुक्त निवेदन
- तयारी अधिकृत वारेसनामा
- लिने दिनेको सेतो पृष्ठभूमीमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३/३ प्रति
- लिने दिने दुबैको सक्क्ल नागरिकता र प्रतिलिपी
- सक्कल जग्गाधनी प्रमाण पूर्जा र प्रतिलिपी
- जग्गाको चालु आ.व.को मालपोत तिरेको रसिद
- मुद्दा गर्न दिने भए मुद्दाको विषय वस्तु, मुद्दाको विवरण
- मस्यौदाकार र दुईजना साक्षिको नाम, ठेगाना, उमेर, ना.प्र.नं., जारी जिल्ला समेत उल्लेख हुन पर्ने र दस्तखत गरेको हुनुपर्ने
- प्रमाणित गर्न लाग्ने दस्तुर रू.५००।-
- दिनको १ बजे भित्रमा निवेदन दिन पर्ने।

## ४. धर्म पुत्र/धर्म पुत्री लिखत प्रमाणितका लागि आवश्यक विवरण र कागजातहरू

- आफ्नो पूर्ण वैवाहिक र पारिवारिक अवस्था र सो को प्रमाण,
- वैवाहिक अवस्था, उमेर, कानूनले धर्म पुत्र/धर्म पुत्री राख्न पाउने आधार कारण, अवस्था, प्रमाण आदि,
- जैविक बावु आमाको मञ्जुरी सहित जैविक बाबु आमाको उपस्थिति,
- निवेदक र साक्षिको नागरिकताको प्रमाणित प्रतिलिपी,
- स्थानीय निकायको शिफारिस,
- बिबाह दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- संस्थाले दिने भए संस्थाको विधानको प्रमाणित प्रतिलिपी र संस्थाको निर्णय,
- वालक/वालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
- वालवालिका हकदावी गर्न आउने सूचनाको प्रमाणित प्रतिलिपी,
- प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला वालवालिका सेवा निर्देशनालयको शिफारिस,
- अनाथ वालवालिका भए जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र,
- सम्वन्धित संस्थाको आवश्यक पत्र,
- मेडिकल वोर्डको शिफारिस,
- धर्म पुत्र/धर्म पुत्री लिनेको नाता प्रमाणितको प्रतिलिपी,
- धर्म पुत्र/धर्म पुत्री उपलव्ध गराई पाऊँ भन्ने पत्रको प्रतिलिपी,
- आम्दानीको श्रोत/आर्थिक हैसियत खुल्ने विवरण र प्रमाण,
- संम्वन्धित संस्थाको प्रतिनिधि खटाईएको बेहोराको पत्र,
- प्रमाणित गर्न लाग्ने दस्तुर रू.५००।-

## ५. दर्ता द्वारा विवाह गर्न आउदा आवश्यक पर्ने कागज प्रमाण

- निवेदन दिँदा खुलाउनु पर्ने कुरा
  - आफ्नो नाम, थर, ठेगाना, पेशा,
  - बाबु, आमा, बाजे, बज्यैको नाम,
  - अघि विवाह भए वा नभएको कुरा,
  - विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको बेहोरा खुल्ने प्रमाण,
  - कम्तिमा दुई जना साक्षीको नाम, ठेगाना सक्कल प्रमाण सहित साक्षी उपस्थित हुनु पर्ने,
- अन्य जिल्लाका वा विदेशी भए काठमाडौं जिल्लामा कम्तिमा १५ दिन बसेको पुष्टि हुने प्रमाण,

- विदेशी र विदेशी तथा विदेशी र नेपाली नागरिक भए आ-आफ्नो मुलुकको कानूनबमोजिमको सक्षमता योग्यता र शर्त पालन गर्नु पर्ने,
- विदेशी नागरिकले आफ्नो देशको कानूनबमोजिम बिबाह गर्न योग्य र सक्षम भएको कुराको घोषणा गर्नु पर्ने,
- विदेशीले आफ्नो दुतावास वा सम्वन्धित निकायबाट विवाह गर्न योग्य रहेको भन्ने उल्लेख भएको पुष्टी हुने प्रमाण पेस गर्नु पर्ने,
- विदेशी नागरिकले आफ्नो देशको विवाह सम्वन्धी कानूनको नेपालीमा अनुवाद गरेको नोटरीद्वारा प्रमाणितप्रति समेत पेस गर्नु पर्ने,